## जन्मदेखि कलेज, जीवनवृति, तथा समुदायको तयारीमा पारिवारिक संलग्नतासम्बन्धी Pennsylvania को फ्रेमवर्क:

# परिवारहरूका लागि सहयोगी मार्गनिर्देशिका







pennsylvania OFFICE OF CHILD DEVELOPMENT AND EARLY LEARNING

MAEC education · equity · excellence

pennsylvania DEPARTMENT OF EDUCATION

This page was intentionally left blank.

# विषयसूची

परिचय....................................................................................................4
Pennsylvania को पारिवारिक संलग्नता फ्रेमवर्कको पृष्ठभूमि....................................5
यो कागजात मार्फत परिवारहरूको क्षमता बढाउने......................................................6
पारिवारिक संलग्नता भनेको के हो ?......................................................................6
प्रभावकारी पारिवारिक संलग्नताका मुख्य भागहरू ....................................................8
पारिवारिक संलग्नता किन महत्त्वपूर्ण छ ?...............................................................9
आधारभूत अभ्यासहरू: सफलताको मञ्च तय गर्ने परिस्थितिहरू.......................................9
सिकाइ समुदाय परिवारको ज्ञान तथा नेतृत्वमा भर पर्छ ..............................................9
शिक्षकहरूले परिवारहरूसँग सांस्कृतिक र भाषिक रूपमा उत्तरदायी, समावेशी साझेदारी निर्माण गर्छन्......... 10
शिक्षकहरूले सुरक्षित तथा समावेशी वातावरण निर्माण गर्छन्.......................................... 12
शिक्षकहरू पेसाकर्मीको रूपमा सिक्दै र अगाडि बढ्दै जान्छन् ...................................... 13
मानकहरू तथा सहयोगी अभ्यासहरू ........................................................................ 15
मानक 1. परिवारहरू सामुदायिक श्रोतहरूसँग जोडिएका हुन्छन्........................................ 16
मानक 2. परिवारहरू तथा सिकाइ समुदायहरूले पारस्परिक, सम्मानजनक साझेदारीहरू निर्माण गर्छन्..........17
मानक 3. सिकाइ समुदायहरू र परिवारहरू मिलेर बालबालिकाको सिकाइ तथा विकासमा सहयोग पुर्याउँछन् .................................................................................18
मानक 4. परिवारहरू अन्य परिवारहरूसँग जोडिन्छन्.................................................... 20
मानक 5. परिवारहरूले आफ्ना विद्यार्थीहरूको लागि वकालत गर्छन् र अन्य परिवारहरूलाई सहयोग गर्छन्..... 22
मानक 6.  परिवारहरूले ट्रान्जिसनमा सहयोग गर्छन्...................................................... 23
अन्त्यमा ................................................................................................... 25
सन्दर्भहरू.................................................................................................. 26

## परिचय

*यस कागजातको विकासमा सहयोग पुर्‍याएकोमा Pennsylvania शिक्षा विभाग Mid-Atlantic Equity Consortium लाई धन्यवाद दिन चाहन्छ ।*

*मुख्य लेखक, Heather Tomlinson, पीएच.डी., प्रारम्भिक बाल्यावस्था तथा पारिवारिक संलग्नताका लागि वरिष्ठ विशेषज्ञ, Mid-Atlantic Equity Consortium*

परिवार बालबालिकाहरूको वृद्धिको केन्द्रबिन्दु हो जसले शारीरिक स्वास्थ्यदेखि लिएर विद्यालयको सफलता र सामाजिक सीप तथा भावनात्मक कल्याणसम्म सबै कुराहरूमा गहिरो प्रभाव पार्छ । परिवारहरू तथा विद्यालयहरूले बालबालिकाको विकासमा सहयोग पुर्‍याउन मिलेर काम गर्दा, विद्यालय र जीवनमा बालबालिकाहरूको क्षमता हासिल गर्न सकिन्छ ।

Pennsylvania Department of Education (PDE) ले विश्वास गरेको छ कि शिक्षाको पारिवारिक संलग्नताले शैक्षिक सफलतालाई बढवा दिन्छ, र बालबालिकाको स्वास्थ्य, भावनात्मक कल्याण र सामाजिक सीपहरूलाई सुधार गर्दछ । वास्तवमा भन्नु पर्दा, यसले सम्पूर्ण समुदायलाई बलियो बनाउँछ । नेतृत्वले विगतको अभ्यासले सधैं राम्रोसँग काम गर्दैन भन्ने कुरा बुझेको हुन्छ । संसार परिवर्तन हुँदैछ; विद्यालयहरू र परिवारहरूले बालबालिकाहरूलाई सहयोग गर्न प्रमाणित तथा वास्तविक तरिकाहरू र सहकार्य गर्ने नयाँ तरिकाहरू प्रयोग गर्न सक्छन् ।

Pennsylvania का नेतृत्वहरूसँग दुईवटा मुख्य मान्यताहरू छन् जसले बालबालिकाहरू तथा परिवारहरूको लागि सहयोगको जग निर्माण गर्छ:

1. सबै परिवारहरू आफ्ना बालबालिकाहरूको धेरै ख्याल राख्छन् र आफ्ना बालबालिकाको सिकाइ र विकासमा सहयोग गर्न प्रतिबद्ध हुन्छन् ।
2. केही यस्ता कारकहरू हुन्छन् जसले प्रत्येक परिवारलाई विशेष बनाउँछ र विद्यालय, शिक्षक, प्रशासक परिवारहरूलाई प्रत्येक सिकाइ समुदायमा स्वागत, सम्मान, र महत्त्वको भाव महसुस गर्न दिनका निम्ति यी कारकहरूको बारेमा विचार गरिनु पर्दछ ।

> परिवारहरू आफ्नो बच्चाको विकास अवधिभरि साझेदारी निर्माण गर्न जुन प्रकारका कार्यक्रमहरू, विद्यालयहरू, शिक्षकहरू, प्रशासकहरू तथा सहायता कर्मचारीहरू भर पर्छन्, ती सबैलाई वर्णन गर्न हामी **सिकाइ समुदाय** भन्ने शब्दावली प्रयोग गर्छौं ।

यी कारकहरूमा नसल, जाति, आय, शिक्षाको स्तर, लैङ्गिक भूमिकाहरूले पारिवारिक जीवनलाई कसरी आकार दिन्छ भन्ने कुरा, धर्म, घरमा कुन भाषा बोलिन्छ भन्ने कुरा, र परिवारमा अपाङ्गता भएको कोही व्यक्ति छ कि भन्ने कुरा समावेश हुन सक्छ । यी कारकहरूले परिवारका सदस्यहरू बालाबलिकाको शैक्षिक यात्रामा कसरी सहभागी हुन्छन् भन्ने कुरालाई प्रभाव पार्छ । PDE यी कारकहरूलाई बेवास्ता गर्नुको सट्टामा सम्बोधन गर्नु पर्दछ भन्ने कुरामा विश्वास गर्छ ।

## Pennsylvania को पारिवारिक संलग्नता फ्रेमवर्कको पृष्ठभूमि

यो कागजात *जन्मदेखि कलेज, जीवनवृति, तथा समुदायको तयारीमा पारिवारिक संलग्नतासम्बन्धी Pennsylvania को फ्रेमवर्क* को एउटा सहयोगी भाग हो । मूल फ्रेमवर्क प्रधानाध्यापकहरू, शिक्षकहरू, तथा अन्य शिक्षाविद्हरूका लागि बनाइएको थियो । यो सहयोगी पुस्तिका तपाईंको लागि—परिवारको सदस्यका लागि लेखिएको हो । बालबालिकाको विकासमा पारिवारिक संलग्नताको बलियो, समान साझेदारी बनाउने मापदण्डहरूको व्याख्या गर्नका निम्ति यी दुई कागजातहरू PDE द्वारा एकसाथ विकास गरिएको थियो ।

जुन 2017 मा PDE तथा साझेदार सङ्गठनहरूले पारिवारिक संलग्नता गठबन्धन बनाएपछि यो प्रक्रिया सुरु भएको थियो । यो गठबन्धनमा परिवारका सदस्य, प्रारम्भिक बाल शिक्षा प्रदायक, विद्यालयका कर्मचारी, तथा समुदायका सदस्यहरू सहित कमनवेल्थका 100 भन्दा बढी व्यक्तिहरू छन् । उनीहरूको कामको फलस्वरूप *Pennsylvania को पारिवारिक संलग्नता फ्रेमवर्क* को जन्म भयो । यो फ्रेमवर्कले बच्चा जन्म देखि कलेज, जीवनवृत्ति, तथा समुदायको लागि तयार नभएसम्म बच्चालाई सहयोग प्रदान गर्ने साझेदारी विकास गर्न सिकाइ समुदायलाई मार्गनिर्देशिका प्रदान गर्छ । *Learning Communities* भन्ने शब्दावली परिवारहरूले आफ्नो बच्चाको विकासक्रमभरि साझेदारी र सम्बन्धहरू निर्माण गर्ने वभिन्न कार्यक्रमहरू, विद्यालयहरू, शिक्षकहरू, प्रशासकहरू, र सहयोगी कर्मचारीहरूलाई वर्णन गर्न प्रयोग गरिन्छ ।

## यो कागजात मार्फत परिवारहरूको क्षमता बढाउने

पारिवारिक संलग्नता फ्रेमवर्कको यो सहयोगी पुस्तिका तपाईं—आमाबाबु, अभिभावक, हजुरबुबा हजुरआमा, फोस्टर अभिभावक, काका, काकी, वा साना केटाकेटीको माया र हेरचाह गर्ने अन्य वयस्कहरूका लागि तयार गरिएको हो । परिवारलाई चिन्नु भनेको जैविक सम्बन्ध मात्र नभइ भावनात्मक पनि हो, Pennsylvania ले *परिवार* भन्ने शब्दावलीलाई समेवेशी रूपमा परिभाषित गरेको छ:

> *परिवारहरू भनेको ती व्यक्तिहरू हुन् जसले समयसँग एकअर्कासँग घनिष्ठ, ख्याल गर्ने सम्बन्ध बनाउँछन् र जसले कुनै बच्चाको शारीरिक र भावनात्मक रूपमा हेरचाह गर्छन् ।*

## पारिवारिक संलग्नता भनेको के हो ?

पारिवारिक संलग्नताले सिकाइ समुदाय – पारिवारिक साझेदारीलाई जनाउँछ जसमा शिक्षकहरू (प्रारम्भिक बाल शिक्षा कार्यक्रमका पेसाकर्मीहरू, शिक्षकहरू तथा शिक्षा क्षेत्रका अन्य पेसाकर्मीहरू सहित), तथा परिवारका सदस्यहरूले आफ्नो संयुक्त हेरचाहमा बालबालिकाको सकारात्मक सिकाइ तथा विकासको साझा लक्ष्य बनाएका हुन्छन्, चाहे कुनै बालबालिका शिशु, आधारभूत विद्यालयको विद्यार्थी होऊन् वा कलेज वा जीवनवृत्ति, वा समुदायको सहभागिताको तयारी गरिरहेका होऊन् । प्रभावकारी साझेदारी अभिप्रायमूलक, प्रभावकारी, तथा अर्थपूर्ण हुन्छ ।

सिकाइ समुदायले तपाईंको बच्चाको पहिलो शिक्षकको रूपमा तपाईंको भूमिकालाई महत्त्व दिन्छन् र सहयोग गर्छन् । कार्यक्रम, कक्षाकोठा, र विद्यालय तह र साथै वृहत्तर राज्य तथा राष्ट्रिय स्तरको शैक्षिक वातावरणलाई आकार दिनका निम्ति सिकाइ समुदायले परिवारहरू तथा सामुदायिक साझेदारहरूको नेतृत्वलाई चिन्नु र यो नेतृत्वमा भर पर्नु अत्यावश्यक हुन्छ । जब सिकाइ समुदायले प्रत्येक परिवारको सामर्थ्यलाई सम्मान गर्छन्, प्रत्येकपरिवारको सांस्कृतिक र भाषिक पृष्ठभूमिमा सकारात्मक रूपमा प्रतिक्रिया दिन्छन्, र सकारात्मक, दुईतर्फी सञ्चारलाई प्रोत्साहित गर्छ तब यो साझेदारी प्रभावकारी हुन्छ ।

> "परिवार भनेको एउटा शक्तिशाली शब्द हो । मेरो लागि, यसको अर्थ तपाईंको लागि कोही हुनु हो, जसलाई तपाईं भरोसा गर्न सक्नुहुन्छ र आफ्ना समस्याहरू समाधान गर्न उनीहरूसँग कुराकानी गर्न सक्नुहुन्छ । परिवारमा तपाईंलाई सहयोग र माया गर्ने व्यक्तिहरू समावेश हुन्छन् । परिवारलाई रगतको सम्बन्धले मात्रै सधैँ परिभाषित गर्दैन तर हामी परिवारका सबैजनालाई कसरी माया र ख्याल गर्छौं भन्ने कुराले परिभाषित गर्छ ।"
>
> 14 वर्षीय Ethan
> *जन्मदेखि कलेज, जीवनवृति, तथा समुदायको तयारीमा पारिवारिक संलग्नतासम्बन्धी Pennsylvania को फ्रेमवर्क*, पृष्ठ 17
> https://bit.ly/PFEngagement [1]

# Learning Communities and Family Engagement

The partnership between schools, early learning programs, families and community partners

**Effective family engagement is intentional, meaningful, and impactful.**

Learning Communities value and support families in their role as a child's first teacher, and leverage the expertise, knowledge, and leadership of families and community partners to shape the educational environment at the program, classroom, school, state and national level.

These partnerships are strengths-based, culturally and linguistically responsive, inclusive, and rely on two-way communications. They focus on the shared goal of positive learning and developmental outcomes for children.



## Leverage Expertise, Knowledge & Leadership

**Learning Communities**

**Families**

**Community Partners**

## Key Components




pennsylvania
DEPARTMENT OF EDUCATION

## प्रभावकारी पारिवारिक संलग्नताका मुख्य भागहरू

पारिवारिक संलग्नता गठबन्धनका सदस्यहरूले पारिवारिक संलग्नताको आफ्नो परिभाषा अभिव्यक्त गरेपछि, उनीहरूले साझेदारीका केही पक्षहरूलाई प्रभावकारी बनाउनका निम्ति निरन्तर ध्यान तथा सहयोग आवश्यक भएको कुरा महसुस गरे । प्रभावकारी पारिवारिक संलग्नता अभ्यासहरूमा छवटा भागहरूको विशेषता पाइन्छ । बालबालिका/युवाको वृद्धि र सिकाइको प्रभावकारी पारिवारिक संलग्नता:

1. ***सामर्थ्य मा आधारित हुन्छ ।*** सामर्थ्य मा आधारित अभ्यासहरू हासिल गर्न , सिकाइ समुदायले संस्कृति, घरको भाषा, तथा व्यक्तिगत अनुभवहरू सिहत तपाईं तथा प्रत्येक परिवारले विद्यार्थीको कल्याण तथा सिकाइ अनुभवमा दिने योगदान पिहचान, सम्मान गर्नु पर्द छ, र त्यसमा भर पर्नु पर्द छ ।
2. ***सांस्कृतिक तथा भाषिक रूपमा उत्तरदायी हुनु पर्द छ ।*** परिवार र बच्चाको पिहचानका यी महत्त्वपूर्णभागह रूको प्रशंसा गर्न , सिकाइ समुदायले तपाईंको बच्चा तथा परिवारको संस्कृति तथा भाषाहरूलाई सम्बोधन गर्ने शिक्षण तथा मूल्याङ्कन प्रदान गर्नु पर्द छ ।



3. ***द्वदिशात्मक र दुई-तर्फी सञ्चारमा िनिर्म त हुनु पर्द छ ।*** सिकाइ समुदायले नियिमत रूपमा जानकारी आदान प्रदान गर्ने मात्र नभई तपाईंसँग आफ्नो बच्चा बारेको जानकारी पिन माग्छ । यसले यस्तो वातावरण तथा सम्बन्ध बनाउँ छ जसमा तपाईं सहज महसुस गर्न सक्नुहुन्छ र तपाईं प्रश्नहरू, अद्याविधकहरू, तथा सरोकारका विषयहरूको साथमा शिक्षकहरूलाई सम्पर्क गर्न सक्षम हुनुहुनेछ ।
4. ***वश्वासमा केन्द्रित्हुनु पर्द छ ।*** तपाईंको परिवार र सकाइ समुदायका साझेदारहरू बीचमा विश्वास बनेपिछ सम्बन्ध दरिलो बन्दै बन्छ । सिकाइ समुदायले तपाईंसँग विश्वसनीयता देखाउने र तपाईंको परिवारलाई ि वश्वास दिलाउने सम्बन्ध स्थापित गर्न प्रयास गर्छ ।

1. ***परिवारमा केन्द्रित्हुनु पर्द छ ।*** जब शिक्षकहरूले तपाईंको परिवार र अरूको आवाजहरू सुन्न खोज्छन्, सुन् छन् , र कक्षाकोठा र कार्य क्रमहरूमा ती आवाजहरू समावेश गर्छन्, बच्चाहरूले एक प्रकारको निरन्तरता र पूर्वा नुमान क्षमता महसुस गर्छ न् जसले उनीहरूलाई आफ्नो आत्मविश्वास तथा सफलतामा बढाउन दिन्छ ।

2. ***न्यायोचित हुनु पर्द छ ।*** शिक्षकहरूले गितशीलता सिर्ज ना गर्छ न् जसमा बालबालिकाको विकास तथा ि सकाइका सम्बन्धमा सबै परिवारहरूसँग शिक्षकहरू बराबरको महत्त्व तथा शक्ति हुन्छ भनेर बुझिन्छ ।तपाईं लाई आफ्नो बच्चालाई फस्टाउन सहयोग गर्न आवश्यक पर्ने कुराहरूअनुसार स्रोतहरू उपलब्ध गराइन्छ ।

पारिवारिक संलग्नतालाई स्वागत गर्ने वातावरण सिर्जना गर्ने जिम्मेवारी सिकाइ समुदायबाट सुरु हुन्छ । तपाईंले तपाईं आफ्नो बच्चाको पहिलो र जीवनभरिको शिक्षक हुनुहुन्छ भन्ने कुरा बुझेपछि साँचो साझेदारी सुरु हुनसक्छ ।

## पारिवारिक संलग्नता किन महत्त्वपूर्ण छ ?

धेरै अध्ययनहरूले पत्ता लगाएका छन् कि बालबालिकाको आय स्तर वा पारिवारिक पृष्ठभूमि जे जस्तोसुकै भए पनि, प्रभावकारी पारिवारिक संलग्नता अभ्यासहरू अनुभव गरिरहेका बालबालिकाहरूले अन्य बच्चाहरूको तुलनामा सकारात्मक परिणामहरू निकाल्ने सम्भावना बढी हुन्छ । उदाहरण को लागी, यी बच्चाहरूले निम्न कार्यहरू गर्ने सम्भावना अधिक हुन्छ:

- नियमित रूपमा विद्यालय जाने;
- विद्यालयमा राम्रोसँग बानी पर्ने र असल सामाजिक सीप र राम्रो व्यवहार देखाउने;
- उच्च ग्रेड हासिल गर्ने तथा परीक्षामा उच्च अङ्क ल्याउने;
- आफ्ना कक्षाहरू उत्तीर्ण गर्ने, क्लास क्रेडिट हासिल गर्ने, उच्च-तहका कक्षाहरूमा भर्ना हुने;
- अर्को ग्रेड तहमा जाने; र
- उच्च विद्यालयबाट ग्राजुएट गर्ने र उच्च विद्यालयपछिको विद्यालय (उदाहरणका लागि, व्यावसायिक विद्यालय, प्रमाणीकरण कार्यक्रमहरू, वा कलेज) मा भर्ना हुने । (3)

### ज्ञान कोष भनेको के हो ?

ज्ञान कोष व्यक्तिगत र जीवनका अनुभवहरू, दैनिक सामाजिक वातावरणहरू व्यवस्थापन गर्ने सीपहरू, र ऐतिहासिक, सामाजिक र राजनीतिक अनुभवहरूद्वारा निर्मित सांस्कृतिक दृष्टिकोणहरूबाट विकास हुन्छ । यो ज्ञान कोषले विद्यालयमा नसिकाइएको हुन सक्ने तर विद्यालय र समुदायमा सिक्न र फस्टाउनका लागि अत्यन्तै मूल्यवान र सान्दर्भिक हुने जानकारीलाई प्रतिनिधित्व गर्दछ ।

उदाहरणका लागि, बजारमा तरकारी बेच्ने विद्यार्थीलाई वित्त र गणितको ज्ञान छ र शिक्षकले उक्त ज्ञान ती विद्यार्थीको अर्थशास्त्र बारेको विस्तार गर्न प्रयोग गर्न सक्छन् । वा, एकजना बालबालिकालाई आफ्नो परिवारको पुर्ख्यौली देशको जटिल नृत्य कसरी गर्ने भनेर थाहा छ भने उनलाई सङ्गीत तथा चालको बारेमा पहिले नै ज्ञान हुन्छ र यसले ती बालबालिका—र कक्षाकोठा— ले कुनै बालबालिकाको ज्ञान तथा सीपबाट कसरी लाभ उठाउन सक्छ भनेर जानकारी दिन सक्छ ।

## आधारभूत अभ्यासहरू: सफलताको मञ्च तय गर्ने परिस्थितिहरू

परिवार र समुदायका सदस्यहरूलाई बालबालिकाको सिकाइमा पूर्ण रूपमा संलग्न गराउन, सिकाइ समुदायले प्रयोजनमूलक रूपमा दृष्टिकोण, ज्ञान र कार्यहरू विकास गर्छन् जसले सकारात्मक पारिवारिक साझेदारी तर्फ डोर्याउँछ । आधारभूत अभ्यासहरू भनेको सिकाइ समुदाय भित्र प्रभावकारी पारिवारिक संलग्नता रणनीति विकास गर्दा लागू गर्नुपर्ने अवस्थाहरू हुन् ।

## सिकाइ समुदाय परिवारको ज्ञान तथा नेतृत्वमा भर पर्छ

सिकाइ समुदायले निम्न कुराहरू गर्छ:

### परिवारको कुरा सुन्छ

पारिवारिक संलग्नतालाई बढवा दिने सिकाइ समुदायले तपाईंका विचारहरू बुझ्न खोज्छ र तपाईंका विचारलाई अगाडि बढाउन तपाईं र अन्य परिवारहरूसँग मिलेर काम गर्छ । सिकाइ समुदायलाई पारिवारिक संलग्नताका क्रियाकलापहरूलाई व्यवहारमा लैजान परिवारको विशेषज्ञता आवश्यक पर्छ । यसले योजना बनाउँदा, निर्णय लिँदा, क्रियाकलापहरू सञ्चालन गर्दा र प्रगतिको मूल्याङ्कन गर्दा परिवारहरूलाई समावेश गर्छन् । संक्षेपमा भन्नु पर्दा, सिकाइ समुदायले

परिवारहरूसँग मिलेर लक्ष्यहरू विकास गर्छ र बच्चाको विकास तथा सिकाइको जिम्मेवारी लिन्छ ।

### सिकाइ समुदायको विविधतालाई महत्त्व दिन्छ

सिकाइ समुदायले सबै परिवारहरूलाई महत्त्व दिन्छ र योजना बनाउँदा सांस्कृतिक, भाषिक, जातीय र आर्थिक पृष्ठभूमिमा भएको विभिन्न परिवारहरूको आवाज सुन्न खोज्छ । यसले *ज्ञान कोष*—परिवारसँग भएको विशेषज्ञताका क्षेत्रहरू, पारिवारिक मूल्यमान्यता, र सांस्कृतिक ज्ञानको प्रशंसा गर्छ र यी सबै कुराहरू प्रयोग गरेर समुदायको सिकाइ सुधार गर्छ ।

### परिवारलाई नेतृत्व तथा वकालत गर्ने क्षमता प्रदान गर्छ

तपाईं हरेक दिन आफ्नो बच्चाको लागि निर्णय लिनुहुन्छ र वकालत गर्नुहोस्; सिकाइ समुदायलाई यो कुराको बारेमा थाहा हुन्छ । सिकाइ समुदायले तपाईंलाई बालबालिकाहरू, सिकाइ समुदाय, तथा वृहत्तर समुदायलाई प्रभावकारी रूपमा सहयोग गर्ने नीतिहरूको वकालत गर्न वा माग गर्ने क्षमता प्रदान गर्छ ।

### सामुदायिक साझेदारीलाई प्रवर्धन गर्छ

परिवारहरूसँग सहयोग माग्नुका अतिरिक्, सिकाइ समुदाय पुस्तकालयहरू, आस्थामा आधारित संस्थाहरू जस्ता सामुदायिक सदस्यहरू तथा संस्थाहरूसम्म पुग्छ । यसले विद्यालय अगाडि र पछाडिका कार्यक्रमहरू, समर क्याम्प, र अन्य व्यवसायहरू सँग साझेदारी निर्माण गर्छ । यसले संघसंस्थाहरूको विशेषज्ञताबाट ज्ञान प्राप्त गर्नको लागि टोलका संघसंस्थाहरू सम्म पुग्छ र सम्बन्धनहरू गाढा बनाउन र परिवारहरूको अनुभवहरू सुधार गर्न आफ्नो सामर्थ्य निर्माण गर्छ ।

संस्कृतिमा परिचय तथा व्यवहारलाई आकार दिने परिवार र सामुदायिक जीवनका पक्षहरू हुन्छ, जस्तै मानिसहरूको सोच्ने तरिका, मानिसहरूले कसरी कुराकानी गर्छन् भन्ने कुरा, घरमा कुन भाषा(हरू) बोलिन्छ भन्ने कुरा, आस्था, मूल्यमान्यता, रीतिरिवाज र परम्पराहरू, र पारिवारिक भूमिकाहरू । संस्कृतिले मानिसहरू सहभागी हुने सम्बन्ध र अपेक्षाहरू र सामाजिक र राजनीतिक समूहहरूलाई असर गर्छ । संस्कृति नस्ल, जाति र धर्मबाट प्रभावित हुन्छ।

### सहभागी हुने क्षमता प्रदान गर्न परिवारहरूको लागि स्रोतहरू प्रदान गर्छ

प्रभावकारी प्रशासकहरूले परिवार र समुदायका सदस्यहरूलाई क्रियाकलापहरू र नियमन समितिहरूमा सहभागी हुन प्रोत्साहन गर्न बजेटमा पैसा छ भनी सुनिश्चित गर्छन् । प्रशासकहरूले परिवारहरूलाई सहभागी हुन दिन भोजन, यातायात, तथा बाल हेरचाहको खर्च भुक्तानी गर्न रकम छुट्याएर राख्छन् र उपयुक्तता अनुसार स्टिपेन्ड प्रदान गर्छन् ।

## शिक्षकहरूले परिवारहरूसँग सांस्कृतिक र भाषिक रूपमा उत्तरदायी, समावेशी साझेदारी निर्माण गर्छन् ।

प्रभावकारी पारिवारिक संलग्नता खोज्ने सिकाइ समुदायले बालबालिकाको सांस्कृतिक र भाषिक पृष्ठभूमि र घरेलु जीवनलाई सामर्थ्यको रूपमा प्रयोग गर्न ध्यान केन्द्रित गर्छन् । परिवारहरूको सांस्कृतिक जीवन गतिशील र परिवर्तनशील हुन्छ, र यो एक पुस्ता देखि अर्को पुस्ता गरेर धेरै पुस्ताहरूसम्म सर्दै आएको पनि हुन्छ ।[2] भाषा संस्कृति जतिकै महत्त्वपूर्ण हुन्छ । यसले मानिसहरूले कसरी सोच्छन् र कुराकानी गर्छन् भन्ने कुरालाई असर गर्छ र यो आफ्नो पहिचानमा गर्व महसुस गराउने एउटा महत्त्वपूर्ण भाग बन्न सक्छ । भाषामा

महत्त्वपूर्ण व्यावहारिक र शैक्षिक पक्षहरू पनि हुन्छ । प्रभावकारी सिकाइ समुदायले यसले विभिन्न संस्कृति र भाषाहरू प्रतिनिधित्व गर्ने कुरामा महत्त्व दिन्छन् भनेर देखाउँछन् ।

### बालबालिका र परिवारको गौरवलाई प्रोत्साहित गर्छ

सिकाइ समुदायले परिवारलाई पनि सकारात्मकतालाई बढवा दिन प्रोत्साहित गर्दै बच्चाको सकारात्मक पहिचान विकास र साथै नस्ल, जातियता, घरको भाषा, तथा संस्कृतिमा गौरव गर्ने कुरालाई प्रवर्धन गर्छ । शिक्षकहरूले सिकाइ समुदाय भित्र जवान बाबुआमा र हजुरबाहजुरआमा भएको परिवार, LGBTQ+ का परिवारहरू, बुबाहरू तथा युवा मैत्री सन्देशहरू सहित विभिन्न परिवाहरूको सकारात्मक चित्र प्रस्तुत गर्छन् । उनीहरूले सांस्कृतिक रूपमा उत्तरदायी मनोवृत्ति र मूल्यमान्यतालाई प्रवर्धन गर्ने ठाउँहरू सिर्जना गर्छन् । उनीहरूले नस्ल, संस्कृति, भाषा या लिङ्गको भूमिकाको आधारमा मानिसहरूलाई रूढिवादी बनाउने भाषाबाट टाढा रहँदै कक्षाकोठामा सबैलाई समेट्ने तथा विविधतालाई बढवा दिने भाषा प्रयोग गर्छन् ।

### समता भनेको के हो ?

समता भनेको नस्ल, पुर्ख्यौली देश, जातीयता, लैङ्गिक पहिचान, यौन झुकाव, भाषा, वा क्षमता, पारिवारिक बनोट, शैक्षिक स्तर, वा आय र भौगोलिक स्थानलाई बेवास्ता गर्दै हरेक बालबालिकालाई उनीहरूलाई सफल बन्न आवश्यक पर्ने उपयुक्त हेरचाह तथा शैक्षिक स्रोतहरू पहुँच गर्ने अवसरहरू प्रदान गर्नु हो । समता "समानता" जस्तै यो तर यो समान मात्रा वा प्रकारको सहायताको सट्टामा आवश्यकता अनुसर सहायता प्रदान गर्ने कुरामा केन्द्रित छ ।

### बच्चाको घरमा बोलिने भाषाको बारेमा थाहा पाउँछ

सिकाइ समुदायका सबै व्यक्तिहरू सिकाइ समुदायको प्रत्येक घरमा बोलिने भाषा नबोल्न सक्छन् । यद्यपि, उनीहरूले परिवार ले कुन भाषा प्रयोग गर्न रुचाउँछ भनेर पत्ता लगाउँछन् । उनीहरूलाई वयस्कको साक्षरताको स्तर र वयस्कहरू सामान्यता कसरी — टेक्स्ट, फोन कल, व्यक्तिगत रूपमा वा इमेल मार्फत — सञ्चार आदान-प्रदान गर्न चाहन्छन् भन्ने बारेमा थाहा हुन्छ ताकी नियमित रूपमा प्रभावकारी सञ्चार कायम गर्न सकियोस् ।

### अनुवादन, दोभासे सेवा वा दुवै खोज्छ

Pennsylvania को सिकाइ समुदाय बढ्दो रूपमा विविध हुँदै गएकाले, लिखित अनुवादन र दोभासे सहायता आवश्यक पर्छ ताकि उनीहरूले बुझ्न सकिने भाषामा जानकारी, स्रोतहरू र सहयोग आदान-प्रदान गर्न सकून् । उनीहरूलाई वयस्क दोभाषे (सम्भव भएसम्म दाजुभाइदिदीबहिनी अनुवादक प्रयोगबाट नगर्न), सांस्कृतिक मध्यस्थकर्ता (सांस्कृतिक पृष्ठभूमिको आधारमा फरक हुने व्यवहार र दृष्टिकोणहरूको अर्थ व्याख्या गर्न सक्ने व्यक्तिहरू) — र समुदायका सदस्यहरूको सहयोग चाहिन्छ ।

### सक्रिय रूपमा बुबाहरूलाई संलग्न गराउँछ

प्रभावकारी सिकाइ समुदायले पारिवारिक र शैक्षिक यात्रामा बुबाको विशेष महत्त्वको सम्मान गर्छन् । उनीहरू बुबाहरूलाई समेट्ने कार्यक्रमहरूसँग साझेदारी गर्छन्, र उनीहरू बुबाहरूलाई नेतृत्वको रूपमा विकास गर्न क्रियाकलापहरू खोज्न प्रयास गर्छन् ।

### आफैलाई स्रोतको बारेमा शिक्षित बनाउँछ

परिवार र सामुदायिक साझेदारहरूको सहयोग र जानकारीको साथमा, सिकाइ समुदायले विशेष सांस्कृतिक मूल्य र अभ्यासहरूको बारेमा जानकारी प्राप्त गर्न खोज्छन् । उनीहरूले समुदायमा भएका सांस्कृतिक स्रोतहरू बारे जान्नको लागि

स्रोतहरू - सांस्कृतिक संस्थाहरू, व्यक्तिहरू, नेटवर्कहरू र संगठनहरूको "सांस्कृतिक सम्पत्ति नक्सा," वा सूची विकास गर्छन् ।

### आत्म-जागरूकता तर्फ काम गर्छ

सिकाइ समुदायले कर्मचारीहरू तथा परिवारहरूलाई *आफ्नै* आस्था, मूल्यमान्यता, अनुभव र पूर्वाग्रहहरूको बारेमा बुझ्न प्रोत्साहित गर्ने प्रक्रिया र क्रियाकलापहरूमा सहयोग गर्दछ । उनीहरूले प्रत्येक बालबालिकाको प्रशंसा गर्न र आफ्नो काम तथा सम्बन्ध सुधार गर्न



आत्म-जागरूकता बढाउन चाहन्छन् । उनीहरूले बालबालिकाको सिकाइका अवसरहरूबाट अधिकतम फाइदा उठाउन सांस्कृतिक र भाषिक रूपमा उत्तरदायी शिक्षण प्रयोग गर्छन् ।

### समता तर्फ काम गर्छ

जाति, संस्कृति, भाषा र समता बारेको संवादलाई बढवा दिन सिकाइ समुदायको माझमा अवसरहरू प्रदान गर्छ । सबै परिवारका बच्चाहरूले सफल हुने अवसरहरू प्राप्त गरुन् भन्नका निम्ति सिकाइ समुदायले उपायहरू प्रयोग गछेन् र शैक्षिक उपलब्धि, ग्राजुएसन दर, तथा सेवाहरूको पहुँचको प्रगति विश्लेषण गर्छ । उनीहरूले सिकाइ समुदाय भित्र सांस्कृतिक उत्तरदायित्व, समता र पूर्वाग्रह रहित सोच सम्बोधन गर्न साझा लक्ष्यहरू विकास गर्छन् ।

## शिक्षकहरूले सुरक्षित तथा समावेशी वातावरण निर्माण गर्छन् ।

समावेशी सिकाइ वातावरण भनेको कुनै पनि बालबालिकालाई नछोडी सबै बालबालिकाहरूलाई सेवा प्रदान गर्नु हो । अङ्ग्रेजी भाषा सिकिरहेका विद्यार्थीहरू र अशक्तता भएका विद्यार्थीहरू सहित सबै विद्यार्थीहरूलाई उपयुक्त सेवाहरू र सिकाइका अवसरहरू प्रदान गरिन्छ । परिवारहरूसँग प्रभावकारी साझेदारी निर्माण गर्ने सिकाइ समुदायले समावेशी र शारीरिक र भावनात्मक रूपमा सुरक्षित वातावरण सिर्जना गर्न निम्न कदमहरू चाल्छन् । (*समावेशी* शब्दको अर्थ विभिन्न पृष्ठभूमि भएका परिवारहरूलाई स्वागत गर्नु हो भन्न सकिन्छ; यसलाई अपाङ्गता भएका व्यक्तिहरूले पहुँच गर्न सक्ने र उनीहरूलाई न्याय गर्ने वातावरणको बारेमा वर्णन गर्न पनि प्रयोग गरिन्छ ।)

### सामाजिक र भावनात्मक रूपमा समावेशी र सुरक्षित वातावरण सिर्जना गर्छ

सिकाइ समुदायले समावेशी वातावरण सिर्जना गर्छ र बालबालिका र परिवारहरू पूर्ण रूपमा सहभागी हुन सक्छन् भनेर सुनिश्चित गर्छ । उनीहरूले कार्यक्रमहरू बालबालिका र अपाङ्गता भएका परिवारका सदस्यहरू, अंग्रेजी भाषा सिकिरहेका विद्यार्थीहरू, र विशेष सुविधाहरू आवश्यक पर्ने अन्य व्यक्तिहरू सबैका लागि अर्थपूर्ण, आकर्षक, र सबैका लागि जबाफदेही छन् भनेर सुनिश्चित गर्छन् । यसका अलवा, शिक्षकहरूले बालबालिका र वयस्कहरू, अन्य बालबालिकाहरू र परिवारहरू बीचको सम्बन्धलाई बढवा दिने वातावरणहरू स्थापित गर्छन् । कुनै कुरा शारीरिक सुरक्षा, बुलिङ, वा सामाजिक सञ्जालसँग सम्बन्धित विषय होस् वा नहोस् उनीहरूले भावनात्मक सुरक्षालाई प्राथमिकता दिन्छन् र बालबालिकाहरूलाई सुरक्षित महसुस गराउँछन — र उनीहरूले परिवारहरूलाई समर्थन गर्छन् ताकि तपाईंले आफ्ना बच्चाहरूसँग पनि यी विषयहरूको बारेमा छलफल गर्न सक्नुहोस् ।

### मूल्यमान्यताको रूपमा समावेशीकरणलाई बढवा दिन्छ

सिकाइ समुदायले समावेशीकरणका धेरै फाइदाहरूको बारेमा कुराकानी गर्छ ।  उदाहरणका लागि, उनीहरूले समावेशी सिकाइ वातावरणसँग सम्बन्धित अभ्यासहरू सुधार गर्न बालबालिका, परिवार, सामुदायिक साझेदारहरू र कर्मचारीहरू बीचको कुराकानीलाई बढवा दिन्छन् ।



### भौतिक रूपमा पहुँच गर्न सकिने र सुरक्षित वातावरण प्रदान गर्छ

बालबालिकाको सामाजिक र भावनात्मक आवश्यकताहरूको सुरक्षाको अतिरिक्त, कानुनी र व्यावहारिक कुराहरू पनि विचार गर्नु पर्ने हुन्छ । अपाङ्गता भएका बालबालिका तथा परिवारहरू Americans with Disabilities Act (ADA) अनुसार जरुरी पर्ने क्रियाकलापहरूमा सहभागी हुन सकून् भन्नका निम्ति प्रशासकहरूले भौतिक पहुँच सुनिश्चित गर्छन् र उचित सुविधा प्रदान गर्छन । सुरक्षाको तथा भवन खाली गर्ने योजना बनाइएको समयमा उनीहरूले अशक्तता भएका व्यक्ति, शिक्षक, वा परिवारका सदस्य जोसुकै भए पनि समुदायका सबैजनाको सुरक्षाको बारेमा विचार गरिन्छ भनेर सुनिश्चित गर्दै सुरक्षा योजना विकास तथा पुनरावलोकन गर्छन् ।

### सरोकारका विषयहरू सम्बोधन गर्न प्रोटोकलहरू प्रदान गर्छ

सिकाइ समुदाय भित्र प्रयोग गरिएका सुरक्षा प्रक्रियाहरू व्याख्या गरिन्छ र परिवारहरूलाई सहभागिताका आवश्यकताहरू बुझ्नको लागि जानकारी र सहयोग प्रदान गरिन्छ (उदाहरणका लागि, कक्षाकोठामा जाँदा वा स्वयंसेवा गर्दा) । सरोकारका विषयहरू उठाउन गाह्रो पर्न सक्छ भनेर बुझ्दै, उनीहरूले सिकाइ समुदाय भित्र सुरक्षासँग सम्बन्धित सरोकारका विषयहरू कसरी उठाउने र सरोकारका विषयहरूमा कसरी तुरुन्तै र सम्मानपूर्वक प्रतिक्रिया दिने भनेर व्याख्या गर्छन् ।

## शिक्षकहरू पेसाकर्मीको रूपमा सिक्दै र अगाडि बढ्दै जान्छन् ।

PDE ले बच्चाहरू मात्र सिकिरहेका हुँदैनन् र बच्चाहरूको वरिपरि रहेका वयस्कहरूले पनि सिक्नु र आफ्नो पेसागत भूमिकामा बढोत्तरी गर्दै जानु जरुरी हुन्छ भन्ने कुरालाई मान्यता दिन्छ । यसका लागि, प्रभावकारी सिकाइ समुदायले निम्न कार्यहरू गर्छ ।

### परिवारलाई विशेषज्ञहरूको रूपमा लिन्छ

पेसाकर्मीहरू आफ्नो प्रशिक्षण र अनुभवको कारण विशेषज्ञहरू हुने भएता पनि, तपाईंका बच्चाहरूको सवालमा तपाईं विशेषज्ञ हुनुहुन्छ । त्यस्तै गरी, समुदायको सांस्कृतिक, आध्यात्मिक र सामाजिक जीवनको सवालमा सामुदायिक साझेदारहरू विशेषज्ञ हुन सक्छन् । सिकाइ समुदायले परिवार र समुदायका सदस्यहरूबाट सिक्न खोज्छ । उनीहरू परिवारका सदस्यहरूलाई नेतृत्वको रूपमा लिन्छन् र उनीहरूबाट सिक्ने प्रयास गर्छन् । प्रशासकहरूले स्पष्ट अपेक्षाहरू प्रदान गर्छन् - परिवारहरूसँग राम्रो सम्बन्ध निर्माण गर्ने कुरा बालबालिकाको सिकाइको लागि महत्त्वपूर्ण हुन्छ ।

### पेसागत विकासमा संलग्न हुन्छ

सिकाइ समुदाय सधैं सबै खालका परिवारहरूसँग काम गर्नमा थप दक्ष बन्न प्रयासरत हुन्छ । उनीहरूले

तपाईंको परिवार र अन्य परिवारहरूबाट सिक्छन्, तपाईंसँग तपाईंको बालबालिकाको प्रगतिको बारेमा कुराकानी गर्छन् ।

सामाजिक सम्बन्ध तथा नेटवर्क विकास गर्न सहयोग गर्छन्, र बाबुहरूलाई क्रियाकलापहरूमा संलग्न गराउँछन् ।

## नैतिकताको बारेमा सिक्छ र उत्तम अभ्यासहरू प्रयोग गर्छ

सिकाइ समुदायले नैतिकताको बारेमा - जानकारी गोप्य राख्ने कुरामा वा परिवारसँग सम्बन्धित जानकारी खुलासा गर्ने कुरामा के गर्नु सही हुन्छ के गर्नु गलत हुन्छ भनेर सिक्न समय खर्चिन्छ । उनीहरूले आफ्ना विद्यार्थीहरू र परिवारहरूलाई असर गर्ने कार्यक्रमहरू, विद्यालयहरू, डिस्ट्रिक्ट वा राज्यव्यापी प्रणालीहरू र सेवाहरूको बारेमा बुझ्छन् ।

प्रशासकहरूले कर्मचारीहरूलाई पारिवारिक संलग्नताका क्रियाकलापहरूको बारेमा सोच्न र योजना बनाउन समय दिन्छन् । उनीहरूले नीति र प्रक्रियाहरूमा केही कुरा परिवर्तन गर्नु पर्छ कि भनेर निर्धारण गर्न परिवार र सामुदायिक साझेदारहरूसँग मिलेर नीति र प्रक्रियाहरूको समीक्षा गर्छन् ।

## स्वहेरचाह अभ्यास गर्छ

बालबालिकाको हेरचाह गर्नु, उनीहरूलाई सिकाउनु र प्रत्यक्ष सेवाहरू प्रदान गर्नु धेरै फलदायी हुन्छ । सिकाइ समुदाय भित्र कर्मचारीहरूका ज्ञान, सीप र जिम्मेवारीहरू बढ्दै जान्छ । यस क्रममा, बच्चाहरूको वरिपरि रहने वयस्कहरूले स्वहेरचाह अभ्यास गर्नु महत्त्वपूर्ण हुन्छ । प्रशासकहरूले सबै कर्मचारीहरूले आफ्नो कल्याण तथा मानसिक स्वास्थ्य ठीक राख्न आवश्यक पर्ने सहयोग प्राप्त गर्छन् भनेर सुनिश्चित गर्छन् । काम तथा अभ्यासहरू निष्पक्ष र समान बनोस् भन्नका निम्ति उनीहरूले काम तथा जीवन बीचको सन्तुलन कायम गर्न सहयोग गर्छन् र मार्गनिर्देशनहरूमा ध्यान केन्द्रित गर्छन् । जब सिकाइ समुदायका कर्मचारीहरूलाई आफ्नो हेरचाह आफै गर्ने कुरामा सहयोग गरिन्छ, उनीहरू बालबालिका र परिवारहरूलाई अझ राम्रोसँग सिकाउन र सहयोग प्रदान गर्न सक्षम हुन्छन् ।



## मानकहरू तथा सहयोगी अभ्यासहरू

मानकले शिक्षकहरू र परिवारका सदस्यहरूलाई सिकाइ समुदायका लक्ष्यहरूको बारेमा जानकारी प्रदान गर्छ । यस खण्डमा प्रस्तुत गरिएको मानकले Pennsylvania को सिकाइ समुदायलाई बलियो साझेदारी निर्माण गर्नका निम्ति बेन्चमार्कहरू प्रदान गर्दछ जसले बालबालिकाहरूलाई जन्म देखि कलेज, जीवनवृत्ति र/वा समुदायमा प्रवेश गर्न तयार नभएसम्म सहयोग प्रदान गर्दछ ।

**मानक 1**

परिवारहरूलाई आफ्ना लक्ष्यहरू, चासोहरू र आवश्यकताहरूमा सहयोग पुर्याउने सामुदायिक सर्ोतहरूमा जोड्ने ।

**मानक 2**

परिवारहरूसँग सामर्थ्यमा आधारित, पर्ामाणिक, पारस्परिक, र सम्मानजनक सम्बन्ध निर्माण गर्ने ।

**मानक 3**

परिवारलाई शिक्षकहरू, पर्ेरणाको शर्ोत, पर्ोत्साहक, पर्यवेक्षक, नेता र अधिवक्ताको भूमिका समर्थन गर्नका निम्ति उनीहरूलाई जानकारी, शर्ोतसाधनहरू, र रणनीतिहरू पहिचान गर्न परिवारहरूसँग साझेदारी गर्ने ।

**मानक 4**

परिवारहरूलाई एकअर्कासँग जोडिन र संलग्न हुन पर्योजनमूलक रूपमा अवसरहरू पर्दान गर्ने ।

**मानक 5**

परिवारहरूले नेतृत्व गर्ने र वकालत गर्ने सीप विकास गर्दैर गर्दा उनीहरूलाई सहयोग गर्ने ।

**मानक 6**

ट्रान्जिसनको समयका दौरान परिवारहरूसँग साझेदारी निर्माण गर्ने ।

## मानक 1. परिवारहरू सामुदायिक श्रोतहरूसँग जोडिएका हुन्छन्

**सिकाइ समुदायले परिवारहरूलाई परिवारहरूका रुचिहरू, लक्ष्यहरू, तथा आवश्यकताहरूमा सहयोग पुर्याउने सामुदायिक स्रोतहरूसँग जोड्छ ।**

यो स्तरमा पुग्नको लागि परिवारहरूले आफ्नो सिकाइ समुदायसँगको साझेदारीमा सहयोग पुर्याउन सक्ने केही तरिकाहरू यहाँ दिइएको छ ।

### आफ्नो परिवारको ज्ञान र सामर्थ्यहरू पहिचान गर्ने

परिवारहरूले निम्न कार्यहरू गरेर पारिवारिक भलाई कायम राख्छन् र चुनौतीहरूको सामना गर्छन्:

• आफ्नो बच्चालाई पारिवारिक पहिचानको गहिरो अनुभूति दिएर, आफ्नो विस्तारित परिवारको बारेमा कथा, इतिहास, फोटो, र जानकारी आदान-प्रदान गरेर;

• विशेष सीपहरू देखाएर जसमा काम, कथाहरू भन्ने, कलात्मक उपहारहरू, आफ्नो समुदायको नेतृत्व, प्रार्थना गर्ने ठाउँ वा टोलमा स्वयं सेवा गर्ने कुरा समावेश हुन्छ; र

• आफ्नो बच्चालाई कडा परिश्रमको महत्त्व, समस्या समाधान गर्ने क्षमता, इमानदारीता, खुला विचार, हास्य भावना, वा अरू प्रति दया देखाउने कुरा जस्ता पारिवारिक मूल्यमान्यताको बारेमा सिकाएर ।

**क्षमतामा आधारित दृष्टिकोण भनेको के हो ?**

क्षमतामा आधारित दृष्टिकोणले भाषा र संस्कृति सहित परिवारसँग भएका गुणहरू ध्यान केन्द्रित गर्छ । क्षमतामा आधारित दृष्टिकोणमा, यी गुणहरूको प्रशंसा गरिन्छ । यसले अप्ठ्यारोमा बाँचिरहेका परिवारहरूले परिस्थिति सामना गर्न र सफल हुन प्रयोग गर्ने चातुर्यताको पनि सम्मान गर्छ । क्षमतामा आधारित दृष्टिकोणमा, कठिन परिस्थितिमा भएका परिवारका सदस्यहरूले कठिनाइ व्यवस्थापन गर्न, अगाडी बढ्नको लागि कदम चाल्न र आफ्नो र आफ्ना प्रियजनहरूको हेरचाह गर्न जुन धैर्यता, चातुर्यता, लचिलोपन देखाउँछन्, त्यसका लागि उनीहरूको प्रशंसा गरिन्छ ।

आफ्नो परिवारका मूल्यमान्यताहरू, सीपहरू, तथा ज्ञानको बारेमा —विशेषगरी आफ्नो बच्चाको बारेमा कुराकानी गर्न सक्षम हुने कुरामा तपाईं विज्ञ हुनुहुन्छ । तपाईंको विज्ञताले शिक्षकहरूलाई बच्चाको सबै गुणहरू र बच्चाको पारिवारिक जीवनको बारेमा बुझ्न सहयोग गर्छ ।

### उपलब्ध सेवाहरू बारेमा जान्ने र प्रयोग गर्ने

तपाईं निम्न कार्यहरू गरेर उपलब्ध स्रोतहरू र सेवाहरू बारेमा जान्न र प्रयोग गर्न सक्नुहुन्छ:

- जानकारी, मार्गनिर्देशिका र स्रोतहरूको लागि आफ्नो सिकाइ समुदायसम्म पुगेर; र
- आफ्नो परिवारलाई उपयोगी हुन सक्ने सेवाहरूको बारेमा सोध्न वा पढ्नका निम्ति पुस्तकालय, सामुदायिक केन्द्र, स्वास्थ्य क्लिनिक, टोलको लिस्टसर्भ, र अन्य ठाउँहरूमा हेरेर ।

### पेसाकर्मीहरूको सम्पर्कमा रहने

परिवारका सदस्यहरूले आफूलाई सहज र सजिलो लाग्ने तरिकाले पेसागत साझेदारहरूसँग सम्बन्ध विकास र कायम राख्छन् । आफ्नो बच्चाको सहयोगको लागि तपाईंले गर्न सक्ने केही कार्यहरू यहाँ दिएको छ:

- कुन-कुन स्थानीय सेवा र स्रोतले आफ्नो परिवारको रुचि, संस्कृति, भाषाहरू, मूल्यमान्यता, आवश्यकताहरू, र लक्ष्यहरू सम्बोधन गर्छ भनेर पहिचान गर्न सिकाइ समुदायका कर्मचारीहरूसँग सहकार्य गर्ने;
- पेसाकर्मीहरूसँग जोडिने—चाहे कुनै समस्याको सम्बन्धमा मार्गनिर्देशन प्राप्त गर्न होस् वा समस्याहरू आउन नदिन के गर्ने भनेर पूर्वसक्रिय रूपमा सिक्न होस्;
- आफ्नो बच्चाको परिवारको परिवर्तनशील आवश्यकताको बारेमा पेसाकर्मीसँग सम्पर्कमा रहने र मिलेर समस्या समाधान गर्ने; र
- समस्याहरू संवेदनशील वा भयावह भए पनि (जस्तै घरेलु हिंसा, आमा वा बाबुलाई बच्चाको हेरचाह गर्न नदिने चुनौतीहरू, वा स्वास्थ्यसम्बन्धी समस्याहरूको अवस्थामा), सहयोग माग्ने कुरा, घर तथा सिकाइ समुदायमा शारीरिक सुरक्षा तथा मानसिक सुस्वास्थ्यको बारेमा थाहा पाउने कुरा विद्यालयमा सुरक्षित महसुस गर्ने तथा सफल बन्ने बालबालिकाको क्षमताको लागि महत्त्वपूर्ण हुन्छ ।

## मानक 2. परिवारहरू र सिकाइ समुदायहरूले पारस्परिक, सम्मानजनक साझेदारीहरू निर्माण गर्छन्

**सिकाइ समुदायले परिवारहरूसँग सामर्थ्यमा आधारित, प्रामाणिक, पारस्परिक, र सम्मानजनक सम्बन्ध निर्माण गर्छ ।**

सिकाइ समुदाय तपाईंका क्षमताहरू, चुनौतीहरू, लक्ष्यहरू र संस्कृतिहरूको बारेमा जानाकरी प्राप्त गर्नका लागि परिवारहरूसम्म पुग्न जिम्मेवार हुन्छन् । यी गतिशील साझेदारीहरूलाई जीवित बनाउन परिवारहरूले के गर्न सक्छन् ? आफ्नो सिकाइ समुदायसँग बलियो, सकारात्मक सम्बन्ध निर्माण गर्ने केही तरिकाहरू तल दिइएको छ ।

### तपाईं आफ्नो बच्चाको सबैभन्दा महत्त्वपूर्ण शिक्षक हुनुहुन्छ भन्ने कुरा बुझ्नुहोस्

सिकाइ समुदायले धेरै वर्षदेखि आफ्नो क्षेत्रको बारेमा अनुसन्धान र उत्तम अभ्यासहरू अध्ययन गरेको, तर अरू कसैले पनि तपाईंले जति तपाईंको बच्चाको बारेमा अध्ययन गरेको हुँदैन । तपाईंको बच्चाको कुरा आएको समयमा तपाईं विज्ञ बन्नुहुन्छ । यो कुरा देखाउने केही तरिकाहरू:

- आफ्नो बच्चाको कल्याण तथा सफलताको लागि आफूलाई केन्द्रविन्दुको रूपमा राख्न सिक्नुहोस्;
- तपाईं आफ्नो बच्चाको पहिलो र सधैंभरिको शिक्षक हुनुहुन्छ र तपाईंसँग आफ्नो बच्चासँग साझा गर्ने धेरै सामर्थ्यहरू र ज्ञानका क्षेत्रहरू छन् भनेर दाबी गर्नुहोस्; र
- तपाईंको बच्चाको विद्यालयको सफलता कक्षाकोठामा शिक्षकहरूको ज्ञान र सीपमा जति निर्भर हुन्छ तपाईंको बच्चाको विद्यालयको सफलता बारेमा थाहा पाउने कुरा पनि त्यसरी नै तपाईंको बच्चाको शैक्षिक यात्रामा तपाईंको संलग्नतामा निर्भर हुन्छ ।

### सांस्कृतिक भिन्नताहरू र सम्मान देखाउने तरिकाहरूको बारेमा थप जान्नुहोस्

संस्कृति, पृष्ठभूमि र मूल्यमान्यताको सम्मान गर्ने कुरा कुनै पनि साझेदारीमा दुईतर्फी सडक हो । यहाँ केही तरिकाहरू दिइएको छ जुन प्रयोग गरेर तपाईं आफ्नो सिकाइ समुदायमा भएका मानिसहरूसँग सांस्कृतिक रूपमा उत्तरदायी र आदरकारी बन्न सक्नुहुन्छ:

- बालबालिकाहरूका लागि अरूको संस्कृतिहरूको बारेमा सिक्नुहोस् र घरको भाषा, मूल्यमान्यता, रुचि, विशेषज्ञता, र दृष्टिकोणको भिन्नताको लागि आदर र प्रशंसा देखाउनुहोस्;

- फरक-फरक संस्कृतिले हेरचाह गर्ने शैली, बाल विकास, पारिवारिक जीवन, र सम्बन्धलाई कसरी प्रभाव पार्छ भन्ने कुरा बुझ्नुहोस् र साथै अन्य परिवारहरू र शिक्षकहरूलाई सोध्नुहोस् र सिक्नुहोस्;
- जब गलतफहमीहरू हुन्छन्, तब सम्बन्ध सुधार्न र संलग्न सबै बालबालिकाहरू, परिवारहरू र पेसाकर्मीहरूका लागि सकारात्मक र हेरचाह गर्ने समुदाय निर्माण गर्न प्रयास गर्नुहोस्; र
- विभिन्न पृष्ठभूमिका परिवारहरू भएका कार्यक्रमहरूमा अरूलाई स्वागत गर्नुहोस् र सहभागी हुनुहोस् ।

**परिवारमा भएका अन्य वयस्कहरूलाई समावेश गर्नुहोस्** परिवार भित्रका चुनौतीपूर्ण सम्बन्धहरू मार्फत अगाडि बढेर काम गर्न गाह्रो हुन सक्छ । बच्चाको दृष्टिकोणबाट हेर्दा, परिवारका धेरै वयस्क सदस्यहरूको हेरचाह पाउने कुराले उनीहरूको सहयोग, सुरक्षा र अवसरको भावनालाई बलियो बनाउँछ । बालबालिकाको कल्याण र विकासमा सहयोग पुर्याउन, तपाईं निम्न लगायतका कार्यहरू गर्न सक्नुहुन्छ:

- परिवारका विभिन्न वयस्क सदस्यहरू बालबालिकाहरूको जीवनमा नजिकबाट संलग्न हुँदा उनीहरूले भावनात्मक, आर्थिक, शारीरिक र शैक्षिक रूपमा लाभ उठाउँछन् भन्ने कुरा बुझ्नुहोस्;
- लिंग, जैविक, वा संरक्षकको सम्बन्धको परवाह नगरी बच्चाले परिवार मान्ने वयस्कहरूको सञ्जाल बनाउनुहोस्
- आफ्नो बच्चाको जीवनमा घनिष्ठ र सकारात्मक रूपमा संलग्न भएका परिवारका अन्य वयस्कहरूसँग सञ्चार गर्नुहोस् र उनीहरूलाई समावेश गर्नुहोस् ।

### सांस्कृतिक रूपमा उत्तरदायी शिक्षा भनेको के हो ?

संस्कृति बालबालिकाले कसरी र के सिक्छन् भन्ने कुराको केन्द्रमा हुन्छ । यसले सिकाइ समुदायका कर्मचारीहरू, परिवारहरू र बालबालिकाहरूले कसरी सञ्चार र जानकारी प्राप्त गर्छन् भन्ने कुरामा प्रभाव पार्छ, र यसले हामीले सोच्ने र सिक्ने तरिकालाई प्रभाव पार्छ । सांस्कृतिक रूपमा उत्तरदायी बन्ने सिकाइ समुदायले तपाईं र सबै परिवारहरूप्रति सकारात्मक दृष्टिकोण राख्छ, सबै विद्यार्थीहरूका लागि उच्च अपेक्षाहरू राख्छ, सांस्कृतिक सन्दर्भहरू र समुदायमा बोलिने भाषाहरूलाई सिकाइका अनुभवहरूमा समावेश गर्छ, विद्यार्थी-केन्द्रित हुन्छ, सांस्कृतिक रूपमा उपयुक्त पाठ्यक्रमको प्रयोग गर्छ, र बालबालिकाको सिकाइ प्रक्रियामा आफूलाई - सधैं विशेषज्ञको रूपमा मात्र नभइ सहजकर्ताको रूपमा लिन्छ ।

## मानक 3. सिकाइ समुदायहरू र परिवारहरू मिलेर बालबालिकाको सिकाइ तथा विकासमा सहयोग पुर्याउँछन्

**तपाईंले आफ्नो बच्चाको शिक्षा तथा विकासमा सहयोग पुर्याउँदै गर्दा सिकाइ समुदायले शिक्षक, प्रेरणाको श्रोत, प्रोत्साहक, पर्यवेक्षक, र अधिवक्ताको रूपमा तपाईंको भूमिकामा तपाईंलाई समर्थन गर्न जानकारी, श्रोतसाधनहरू र रणनीतिहरू पहिचान गर्न परिवारहरूसँग साझेदारी गर्दछ ।**

सिकाइ समुदायले परिवारहरूलाई विकाससम्बन्धी कोशेढुङ्गा, सिकाइको गुणस्तर, र शिक्षण अभ्यासहरूको बारेको जानकारी जस्ता स्रोतहरू र रणनीतिहरू प्रदान गर्छ । उनीहरूले तपाईंको परिवारको अनुभव र दिनचर्याको बारेमा सोध्छन्, तपाईंको ज्ञान र सीपहरू विस्तार गर्ने अवसरहरू सिर्जना गर्छन्, र तपाईंसँग बालबालिकाको प्रगति र मूल्याङ्कनका परिणामहरूको बारेमा

छलफल गर्छन् । यहाँ केही तरिकाहरू दिइएको छ जुन तपाईंले आफ्नो बच्चाको सिकाइ तथा विकासमा सहयोग पुर्याउनका निम्ति आफ्नो बच्चाको सिकाइ समुदायको साझेदार बन्न प्रयोग गर्न सक्नुहुन्छ ।

### आफ्नो बच्चाको सिकाइमा सहयोग पुर्याउन आफूले गरेका सबै कार्यहरूमा गर्व गर्नुहोस्

परिवारका सदस्यहरूले बालबालिकाको विकास र सफलतामा सहयोग पुर्याउन धेरै कुराहरू गर्छन्, जसमा निम्न लगायतका कुराहरू पर्छन्:

- आफ्नो बच्चाको प्रोत्साहक, पर्यवेक्षक, प्रेरणाको श्रोत र अधिवक्ता बनेर । प्रोत्साहकको भूमिका विद्यालय र विद्यालयबाहिरको बालबालिकाको सफलताको सबैभन्दा महत्त्वपूर्ण पक्षहरू मध्ये एक हो;
- बुद्धिमानी निर्णय लिने व्यक्ति र सहयोगी बन्न परिवारका अन्य सदस्यहरूसँग काम गरेर;
- परिवारको रूपमा आफ्नो बच्चाको अद्वितीय प्रतिभा तथा क्षमताहरूमा गर्व महसुस गरेर ।

### आफ्नो बच्चाको विकासका सबै पक्षहरूलाई महत्त्व दिनुहोस्

बाल विकासका धेरै आयामहरू छन् र निरन्तर परिवर्तन भइरहेको हुन्छ । परिवारले आफ्ना बालबालिकाको सबै विकासलाई महत्त्व दिन प्रयोग गर्न सक्ने दुई तरिकाहरू तल दिइएको छ:

- विशेष गरी सुरुका वर्षहरूमा, आफ्नो बच्चाको सिकाइ प्रक्रियाको महत्त्वपूर्ण हिस्साको रूपमा बच्चाको खेल्ने र रमाइलो गर्ने इच्छामा रमाउनुहोस्; र
- बच्चाको शैक्षिक विकासमा जति ध्यान दिनुहुन्छ, त्यति नै ध्यान उनीहरूको सामाजिक र भावनात्मक विकास र दैनिक जीवनका सीपहरू दिनुहोस् । बालबालिकाका लागि महत्त्वपूर्ण सीपहरूका उदाहरणहरूमा सहयोग, सञ्चार, सकारात्मक द्वन्द्व व्यवस्थापन, आफूलाई चाहिने कुराहरू माग्ने र दृढ हुने क्षमता, समस्या समाधान गर्ने क्षमता, निर्णय गर्ने क्षमता, र तनाव व्यवस्थापन गर्ने र लचिलोपना विकास गर्ने क्षमता समावेश हुन्छ । यी सीपहरू विद्यालय र जीवनको सफलताको लागि महत्त्वपूर्ण छन् ।

**आफ्नो बच्चा तथा अरूसँग शैक्षिक यात्राको बारेमा सञ्चार गर्नुहोस्** सञ्चार गर्न मिहेनत चाहिन्छ, तर राम्रो कुराकानीको फल अमूल्य हुन्छ । आफ्नो बच्चाका क्षमताहरू र रुचिहरू, आफ्नो परिवारका अनुभवहरू, र घरमा के कुराको सिकाइ वा विकास भइरहेको छ भनेर साझा गर्ने कुरा — र आफूले केही जानकारी प्रयोग गर्न सक्ने क्षेत्रहरूमा सहयोग माग्ने कुरा आफ्नो बच्चाको सिकाइ समुदायसँग साझेदारी निर्माण गर्ने पहिलो कदम हो । यहाँ केहि तरिकाहरू छन् जुन परिवारहरूले प्रभावकारी सञ्चारमा सहयोग पुर्याउन प्रयोग गर्न सक्छन्:

- आफूलाई पायक पर्ने माध्यमबाट सञ्चार माग गर्नुहोस्, चाहे त्यो इमेल, व्यक्तिगत रूपमा, टेक्स्ट, सामाजिक सञ्जाल प्लेटफर्म वा फोन कल मार्फत किन नहोस् ।
- आफूले बुझ्न सक्ने भाषामा संवाद गर्न लगाउनुहोस्, सायद दोभाषे वा अनुवादकको सहयोगमा;
- आफ्नो बच्चाको लागि लक्ष्यहरू तय गर्न तथा ती लक्ष्यहरू पूरा गर्ने रणनीतिहरू विकास गर्न आफ्नो सिकाइ समुदायसँग मिलेर काम गर्नुहोस्; र

- आफ्नो बच्चालाई सञ्चारमा समावेश गर्नुहोस् — उदाहरणका लागि, उनीहरूको कल्याण, लक्ष्यहरू र निर्णयहरूको बारेमा सोधेर र कुरा गरेर ।

### सिक्ने र प्रश्न सोध्ने कामलाई निरन्तरता दिनुहोस्

भनाइ अनुसार, कुनै पनि प्रश्न खराब हुँदैन । सिकाइको मापदण्ड - एउटा निश्चित उमेरमा बालबालिकालाई के थाहा हुनुपर्छ र उनी के गर्न सक्षम हुनुपर्दछ - र बाल विकाससम्बन्धी कोसेढुङ्गाको बारेमा बुझ्नुहोस् र साथै तल दिइएका कुराहरू गर्नुहोस्:

- स्वस्थ सामाजिक र भावनात्मक विकास सुनिश्चित गर्नुहोस्;
- मूल्याङ्कनको परिणाम र शिक्षणसम्बन्धी निर्णयहरूको बारेमा जानकारी माग्नुहोस् ।
- शारीरिक र मानसिक स्वास्थ्यको विकाससँग सम्बन्धित समस्याहरू लागि तपाईंका बच्चाले कहिले अर्का पेसाकर्मीलाई भेट्नुपर्छ भन्ने बारेमा मार्गदर्शन खोज्नुहोस्; र
- शिशु, बच्चा वा युवाको विकास, अभिभावकत्व, वा सांस्कृतिक रूपमा उत्तरदायी अभ्यासहरूको बारेमा सि ने अवसरहरूलाई स्वागत गर्नुहोस् ।

## मानक 4. परिवारहरू अन्य परिवारहरूसँग जोडिन्छन्

**सिकाइ समुदायले परिवारहरूलाई एकअर्कासँग जोडिन र संलग्न गराउन प्रयोजनमूलक अवसरहरू प्रदान गर्छ ।**

परिवारहरूले एकअर्काको लागि अतुलनीय स्रोतको रूपमा काम गर्छन्, चाहे व्यावहारिक सहयोग वा प्रोत्साहन प्रदान गरेर, जानकारी र स्रोतहरू आदान-प्रदान गरेर, वा संकटको समयमा उपस्थित भएर ।

### अन्य परिवारहरूलाई चिन्ने अवसरहरूमा सहभागी हुनुहोस्

निम्न कुराहरू गरेर अन्य परिवार र समुदायसँग जोडिनुहोस्:

- आफ्नो सिकाइ समुदाय, टोलका समूहहरू, आस्थामा आधारित समुदाय, युवा समूहहरू, खेलकुद क्रियाकलापहरू, क्लबहरू, पारिवारिक सहायता नेटवर्कहरू, र स्वयंसेवक समूहहरू वा सेवा परियोजनाहरूका अन्य परिवारहरूसँग नेटवर्क बनाउने वा सहभागी भएर ।
- परिवारहरूको लागि प्रस्तावित कार्यक्रमहरूमा सहभागी भएर;
- अन्य परिवारहरूलाई परिवारहरू र बालबालिकाहरूलाई फाइदा पुग्ने श्रोतसाधनहरू तथा जानकारी आदान-प्रदान गर्न प्रोत्साहन र सहयोग गरेर; र
- परिवारहरू बीचको सञ्चारलाई सहज बनाउने स्वैच्छिक परिवार सम्पर्क सूची बनाएर ।

### अपेक्षाहरू, भूमिकाहरू, तथा जिम्मेवारीहरूको बारेमा सञ्चार गर्नुहोस्

माथि उल्लेख गरिएको प्रभावकारी सञ्चारको भावनालाई सम्मान गर्दै, तपाईंले निम्न कार्यहरू गरेर प्रश्नहरू सोध्नुभयो र भूमिका र अपेक्षाहरूको बारेमा प्रतिक्रिया दिनुभयो भने, यो उपयोगी बन्छ:

- सामूहिक सञ्चार प्रणाली, विभिन्न पृष्ठभूमिका परिवारहरूप्रति सम्मान देखाउने सामूहिक मापदण्ड, र विभिन्न क्रियाकलापहरूमा सहभागीका जिम्मेवारीहरू, वा सहभागीका सम्बन्धमा राखिने



अपेक्षाहरूको बारेमा जानकारी मागेर;

- समूहका नेतृत्वहरूको साथमा बहुभाषिक परिवारहरू कार्यक्रमहरू, सामूहिक संवाद, तथा सामुदायिक निर्णयहरूमा सहभागी हुन सक्छन् भनेर सुनिश्चित गरेर;
- अपाङ्गता भएका अभिभावकहरू क्रियाकलापहरूमा सहभागी हुन सक्छन् भनेर सुनिश्चित गरेर;
- सामूहिक संवाद चल्दा गोपनीयताको बारेमा जानकारी मागेर; र
- काम गरिरहेका अभिभावकहरू सहभागी हुने सक्ने समयमा समूहहरू, संवादहरू, वा कार्यक्रमहरू आयोजना गर्न अनुरोध गरेर ।

### अन्य परिवारहरूसँग आफ्नो ज्ञान, सीप र हौसला आदान-प्रदान गर्नुहोस्

परिवारहरूसँग धैरै प्रतिभाहरू, सीपहरू, र क्षमताहरू हुन्छन् जुन बच्चाहरू, सिकाइ समुदाय, र छिमेकीहरूलाई आवश्यक पर्छ । तपाईं यसरी आफ्नो समुदायलाई समृद्ध बनाउन सक्नुहुन्छ:

- सल्लाहकार, खेलकुद प्रशिक्षक, क्लबको नेता, आस्थामा आधारित नेता, वा कार्यक्रमको स्वयंसेवकको रूपमा काम गरेर परिवारहरूका लागि क्रियाकलापहरू सम्भव बनाएर;
- समुदाय वा परिवारहरूलाई लाभ दिनको लागि विशेष सीप वा स्रोतहरू प्रयोग गरेर, चाहे कपाल काट्ने सीप, सिकर्मीको काम, दर्जी वा सिलाइका सीपहरू, सम्पादनको सहयोग, अनुवादन, ग्राफिक डिजाइन, कलात्मक क्षमताहरू, संगठनात्मक सीपहरू, खेलकुद नेतृत्व, र अन्य कुराहरू प्रदान गरेर होस; र
- आवश्यक परेको समयमा सकारात्मक, मैत्रीपूर्ण उपस्थिति जनाउँदै, भेटघाट, फोन कल, वा सामाजिक मिडिया मार्फत सम्पर्कमा रहँदै र यातायात, खाना, वा जानकारी जस्ता व्यावहारिक सहयोगहरू प्रदान गर्दै अन्य परिवारहरूलाई हौसला प्रदान गरेर ।



## मानक 5. परिवारहरूले आफ्ना विद्यार्थीहरूको लागि वकालत गर्छन् र अन्य परिवारहरूलाई सहयोग गर्छन्

**परिवारहरूले नेतृत्व र वकालत गर्ने सीपहरू विकास गर्दै गर्दा सिकाइ समुदायले उनीहरूलाई सहयोग गर्छ ।**

सिकाइ समुदायले तपाईं योजनका लक्ष्यहरूको नेतृत्व लिनुहोस्, आफ्ना विद्यार्थीको शिक्षाको बारेमा समाधानहरू पत्ता लगाउनुहोस् र निर्णयहरू लिनुहोस् भन्ने कुरालाई महत्त्व दिन्छ र प्रोत्साहित गर्छ । तपाईं आफ्नो नेतृत्वको सीप वृद्धि गर्न यी केही क्रियाकलापहरू गर्न प्रयास गर्न सक्नुहुन्छ ।

### आफ्नो बच्चाको अधिवक्ता बन्नुहोस्

बच्चाहरू, आफ्नो उमेर अनुसार, आफ्नो हेरचाहका लागि तथा आफ्नो पक्षमा बोल्नको लागि आफ्नो परिवारमा निर्भर हुन्छन् । तपाईं यसरी आफ्नो बच्चाको अधिवक्ता बन्न सक्नुहुन्छ:

- आफ्नो सिकाइ समुदाय र/वा अन्य पेसाकर्मीहरूलाई आफ्नो बच्चासँग सम्बन्धित सरोकारका विषयहरूको बारेमा भन्नुहोस् र सँगै मिलेर समाधान खोज्नुहोस् ।
- जानकारी कसरी प्राप्त गर्ने वा सहयोग कसलाई माग्ने भनेर सिक्न समय र अभ्यास चाहिन्छ । जब तपाईं सहयोगी व्यक्तिबाट जानकारी प्राप्त गर्नुहुन्छ, यो जानकारी अरूलाई पनि दिनुहोस् । यसले उनीहरूलाई बाटो देखाउँछ ।  जब परिवारहरू स्रोतहरूसँग जोडिन्छन् यसले सहयोग खोज्ने र स्वीकार गर्ने राम्रो उदाहरण प्रस्तुत गर्छ । आफ्नो बच्चा/युवालाई स्व-वकालत गर्न र नेतृत्व बन्न प्रोत्साहित गर्नुहोस् ।

बालबालिकाहरू माध्यामिक तथा उच्च विद्यालयमा जाँदै जाँदा, आवश्यकता अनुसार हेरचाह गर्ने वयस्कहरूको निरन्तर संलग्नताको साथमा उनीहरू — आफ्नो पक्षमा आफै वकालत गर्न सक्ने हुन्छन् । तपाईं आफ्नो पक्षमा आफै वकालत गर्ने आफ्नो बच्चाको सीप बढाउन विभिन्न तरिकाहरू प्रयोग गर्न सक्नुहुन्छ:

- बच्चालाई सुरक्षित, स्वस्थ र सिक्न सक्षम हुन के चाहिन्छ, उनीहरूलाई ती कुराहरू माग्न सहयोग गर्नुहोस् ।
- नेतृत्वको भावनालाई बढवा दिएर, उनीहरूलाई र अन्य विद्यार्थीहरूलाई फाइदा पुग्ने गरी उनीहरूको सिकाइ समुदायमा परिवर्तनहरू कार्यान्वयन गर्न सहयोग गर्नुहोस् ।
- परिवार, टोल, तथा समुदायमा परिवर्तन ल्याउन आफ्नो बच्चालाई समूहहरूमा भाग लिन, सीपहरू बढाउन, र अरूको क्षमता बढाउन प्रोत्साहित गर्नुहोस् ।

### सकारात्मक परिवर्तनका लागि सहभागी हुनुहोस्

सिकाइ समुदायले पारिवारिक संलग्नताका अवसरहरू सिर्जना गर्छ । जब परिवारहरूले ती अवसरहरूबाट फाइदा लिन्छन्—वा नयाँ अवसरहरू सिर्जना गर्छन्, यसले तपाईंको बच्चालाई समर्थन गर्ने मात्र नभइ समुदायलाई सकारात्मक तरिकाले रूपान्तरण गर्न सक्छ । सहभागी हुने केही तरिकाहरू यहाँ दिइएको छ:

- आफ्नो बच्चाको पक्षमा बोल्नुका अतिरिक्त, अन्य बच्चाहरूको पक्षमा पनि बोल्नुहोस् ।
- विद्यालयका नीतिहरू, वित्तीय निर्णयहरू, शिक्षण रणनीतिहरू, वा पारिवारिक संलग्नताका क्रियाकलापहरू जस्ता सामुदायिक मुद्दाहरूलाई कसरी सुधार गर्ने भन्ने बारेमा आफ्ना विचारहरू अभिव्यक्त गर्नुहोस् ।
- आफ्नो सहर, काउन्टी, राज्य, वा देशको मतदानमा सहभागी हुनु पनि नागरिकको महत्त्वपूर्ण योगदान हो ।
- आफ्नो सीप, संस्कृति, भाषा, र प्रतिभा आदान-प्रदान गर्नुहोस् । यसले तपाईंको समुदायलाई समृद्ध बनाउनेछ र तपाईंको बच्चामा गौरवको भावना जगाउनेछ । यसले समुदायलाई सिकाइ समुदाय भित्र भएको विभिन्न पृष्ठभूमिहरू र सीपहरू अवलोकन गर्न पनि दिन्छ ।

### परिवारका अन्य सदस्यहरूलाई आफूसँग सामेल हुन निमन्त्रणा गर्नुहोस्

आफ्नो सामुदायिक सहभागिता र नेतृत्व सीप बढ्दै जाँदा, तपाईं अरूलाई आफूसँग सामेल हुन निमन्त्रणा सक्नुहुन्छ । यहाँ सहभागी परिवारहरूको घेरा फराकिलो पार्ने केही तरिकाहरू दिइएको छ:

- नयाँ वा बहिष्कृत परिवारहरूलाई कुराकानीमा बोलाउनु भनेको समुदाय भित्र अझ समावेशी घेरा बनाउने एउटा तरिका हो । पुर्ख्यौली देश, घरको भाषा, क्षमता, नसल वा जात, आय वा शिक्षाको स्तर, वा उनीहरू बस्ने ठाउँका कारण अरू परिवारहरूभन्दा भिन्न भएका परिवारहरूलाई खोज्नु र बोलाउनु विशेषगरी महत्त्वपूर्ण हुन्छ ।
- बुबाहरू र बुबा समान व्यक्तिहरू, हजुरबुबा हजुरआमा, फोस्टर अभिभावक, र परिवारका अन्य सदस्यहरू र हेरचाहकर्ताहरूले क्रियाकलापहरूमा आफूलाई स्वागत गरेको महसुस गर्छन् भनेर सुनिश्चित गर्ने कुराले सिकाइ समुदाय भित्र सकारात्मक वातावरण सिर्जना गर्छ ।
- विभिन्न तरिकाहरूबाट सूचना तथा स्रोतहरू आदान-प्रदान गर्नाले सबै परिवारहरूलाई घटनाहरू र निर्णयहरूको बारेमा सुसूचित रहन दिन्छ । केही परिवारहरू व्यक्तिगत रूपमा सहभागी हुन सक्षम नहुन सक्छन्, तर उनीहरूले फोन, सामाजिक सञ्जाल, वा इमेल मार्फत अर्का अभिभावकको अद्यावधिकको प्रशंसा गर्न सक्छन् ।

## मानक 6. परिवारहरूले ट्रान्जिसनमा सहयोग गर्छन्

**सिकाइ समुदायले ट्रान्जिसनको समयमा परिवारहरूसँग साझेदारी निर्माण गर्छ ।**

परिवर्तन गाह्रो हुन्छ । नयाँ कार्यक्रम, कक्षा कोठा, वा विद्यालयमा जानु भनेको बालबालिकाको लागि मात्र नभइ, प्रायः सम्पूर्ण परिवारको लागि परिवर्तनको समय हो । सिकाइ समुदायले तपाईंलाई ट्रान्जिसन मार्फत अगाडि बढ्न सहयोग गर्न कार्यविधिहरू विकास गर्छ र तपाईं आफ्नो बच्चालाई ट्रान्जिसनका अवधिहरूमा सहयोग गर्न सक्नुहुन्छ ।

### आफू र आफ्नो बच्चालाई तयार बनाउनुहोस्

तयारी भनेको तपाईंको परिवार र तपाईंको बच्चाको लागि ट्रान्जिसन मार्फत सहज तरिकाले अगाडि बढ्ने कुराको एउटा महत्त्वपूर्ण भाग हो । के आशा गर्ने भनेर थाहा पाउँदा, यसले आश्चर्यहरू, छुटेका अवसरहरू र गलतफहमीहरू कम गर्छ । यहाँ केही तरिकाहरू छन् जुन परिवारहरूले ट्रान्जिसनको तयारी गर्न प्रयोग गर्न सक्छन्:

- आउँदो ट्रान्जिसनको केही महिना अघि जानकारी (भर्ना, खोप, तथा रजिस्ट्रेसनको समयसीमा सहित) सङ्कलन गर्दा, यसले तपाईंलाई आउँदो परिवर्तनको लागि मानसिक र व्यावहारिक तयारी गर्न आवश्यक पर्ने समय दिन्छ;
- नयाँ सिकाइ समुदायको समयतालिका, नीतिहरू, लक्ष्यहरूसँग सम्बन्धित बैठकहरूमा उपस्थित हुनुहोस् वा जानकारी पढ्नुहोस् र साथै सम्भव भएमा, नयाँ साइटको भ्रमण गर्नुहोस् र नयाँ कर्मचारीहरूसँग भेट गर्नुहोस्;
- आफ्नो बच्चाहरूसँग जानकारी आदान-प्रदान गर्नाले नयाँ वातावरणमा के अपेक्षा गर्ने भन्ने सम्बन्धमा



उनीहरूको चिन्ता र प्रश्न कम हुनेछ;

- अन्य परिवारहरूसँग कुराकानी गर्नु भनेको जानकारी सङ्कलन गर्ने, सुझावहरू प्राप्त गर्ने, र समान ट्रान्जिसनबाट गुज्रिरहेका अरू व्यक्तिहरूसँग सम्बन्ध विकास गर्न सुरु गर्ने एक उपयोगी तरिका हो; र
- कार्यक्रम वा कक्षाहरू सुरु हुनु अगाडि आफ्नो विद्यार्थीलाई अन्य विद्यार्थीहरूसँग भेट्न दिने अवसरहरूमा सहभागी हुनुहोस् वा त्यस्ता अवसरहरू जुराउनुहोस् ।

"हामी—अभिभावकहरू, सिकाइ समुदायका कर्मचारीहरू, साझेदारहरू—ले साझा मार्गनिर्देशिका, लक्ष्यहरू, तथा अपेक्षाहरू स्थापित गर्ने पारिवारिक संलग्नतासम्बन्धी राज्यव्यापी परिकल्पना बनाउने कुराको महत्त्वको बारेमा वर्षौं देखि कुरा गर्दै आइरहका छौं । र अन्त्यमा यो परिकल्पना साकार हुनु Pennsylvania का हाम्रा परिवारहरू, बालबालिकाहरू, सिकाइ समुदाय र साझेदारहरूका लागि अभूतपूर्व र अमूल्य छ !"

*जन्मदेखि कलेज, जीवनवृति, तथा समुदायको तयारीमा पारिवारिक संलग्नतासम्बन्धी Pennsylvania को फ्रेमवर्क,* पृष्ठ 73
https://bit.ly/PFEngagement

### आफ्नो नयाँ सिकाइ समुदायसँग जानकारी आदान-प्रदान गर्नुहोस्

सिकाइ समुदाय तपाईं र तपाईंको बच्चाको बारेमा जान्न चाहन्छ । तपाईं विभिन्न तरिकाले जानकारी प्रदान गर्न सक्नुहुन्छ:

- आफ्नो परिवारको संस्कृति, घरको भाषा(हरू), महत्त्वपूर्ण अनुभवहरू, दिनचर्याहरू, चिन्ताहरू, तनावहरू, र आफ्नो बच्चाका सम्बन्धमा तपाईंले राखेका आशाहरूको बारेमा कर्मचारीहरूलाई बताउने कुराले तपाईंको बच्चाको लागि सिकाइ समुदायको बुझाइ र करुणा मात्र बढाउने नभइ, यसले उनीहरूलाई तपाईंको बच्चाको लागि सुरक्षित र सकारात्मक वातावरण बनाउन सहयोग गर्दछ;
- विद्यालयका अभिलेखहरू, व्यक्तिकृत शिक्षा योजनाहरू, मूल्याङ्कनको परिणाम, र चिकित्सा आवश्यकताहरू आदान-प्रदान गर्नु महत्त्वपूर्ण हुन्छ; र
- तपाईंलाई अनुवादन वा दोभासे सेवा चाहिन्छ भने आफ्नो नयाँ सिकाइ समुदायलाई थाहा दिँदा र उनीहरूलाई तपाईं आफ्नो बच्चाको बारेमा कसरी संचार आदान-प्रदान गर्न चाहनुहुन्छ भन्ने कुरा थाहा दिँदा, यसले कर्मचारीहरूलाई तपाईंसँग सजिलैसँग जोडिन दिन्छ ।

### तपाईंलाई अझैसम्म थाहा नभएको कुरा शिक्षकहरूलाई थाहा पाउन सहयोग गर्नुहोस्

ट्रान्जिसनका यस्ता पक्षहरू छन् जसले तपाईंलाई चिन्तित बनाउँछ वा जुन अस्पष्ट छ भने, सिकाइ समुदाय ती समस्याहरूको बारेमा जान्न चाहन्छ ताकि उनीहरूले तपाईंलाई आवश्यक जानकारी प्रदान गर्न सकून् । परिवारहरू विभिन्न तरिकाहरूले सम्पर्क स्थापित गर्न सक्छन्:

- नयाँ सिकाइ समुदायलाई फोन गर्नु भनेको जानकारी र स्रोतहरू फेला पार्न सुरु गर्ने उत्तम ठाउँ हो;
- सिकाइ समुदायलाई सम्पर्क गर्ने कुराले तपाईंलाई थप जानकारी प्राप्त गर्ने, वा तपाईंले मुख्य रूपमा कसलाई सम्पर्क गर्नु पर्दछ भन्ने कुरा भनेर पत्ता लगाउने अवसर दिन सक्छ ;
- सामुदायिक साझेदारहरूसँग कुनै जानकारी छ वा छैन भनेर बुझ्नु भनेको पुस्तकालय, बालरोग विशेषज्ञको कार्यालय, सामुदायिक केन्द्र, आफ्नो स्थानीय प्रारम्भिक सिकाइ स्रोत केन्द्र, पारिवारिक सहयोग सञ्जाल, अभिभावक-शिक्षक सङ्गठन, र अन्य कुराहरू सहित जानकारी प्राप्त गर्ने प्रभावकारी तरिका हुन सक्छ; र

- हाजिरीसम्बन्धी नीतिहरू वा कलेजहरूको वित्तीय सहायतासम्बन्धी सूचना जस्ता जानकारी माग्ने कुराले तपाईंलाई आवश्यक जानकारी मात्र दिने छैन यसले सिकाइ समुदायलाई अन्य परिवारहरूलाई सान्दर्भिक जानकारी प्रदान गर्न पनि सहयोग गर्न सक्छ ।

## अन्त्यमा

व्याख्या गरिएको अभ्यासहरू तथा मानकहरूले बालबालिकालाई फाइदा पुग्ने मजबुत र दिगो साझेदारी निर्माण गर्नका निम्ति सिकाइ समुदाय र परिवारहरू मिलेर काम गर्नु कत्तिको महत्त्वपूर्ण छ भनेर देखाउँछ । यो साझेदारीले बच्चाहरूलाई सकारात्मक, सहयोगी सम्बन्धको आभास गर्न दिन्छ, जसले उनीहरूलाई विद्यालय र जीवनमा सफलतातर्फ डोऱ्याउँछ ।

पर्दा पछाडिका दृश्यहरू महत्त्वपूर्ण नीतिहरू वा नियमहरू हुन् जसले सिकाइ समुदायको कामलाई निर्देशित गर्छ । प्रारम्भिक शिक्षा कार्यक्रमहरू तथा विद्यालयहरूलाई निर्देशित गर्ने नीतिहरू बारेको जानकारीका लागि, तपाईं *जन्मदेखि कलेज, जीवनवृति, तथा समुदायको तयारीमा पारिवारिक संलग्नतासम्बन्धी Pennsylvania को फ्रेमवर्क* पढ्न सक्नुहुन्छ ।

तपाईं आफ्नो परिवार वा सिकाइ समुदायमा सकारात्मक परिवर्तन ल्याउने तरिकाहरू जान्न वा अन्वेषण गर्न चाहनुहुन्छ भने, प्रायः सुरु गर्ने सबैभन्दा राम्रो ठाउँ भनेको तपाईंको सिकाइ समुदाय हुन्छ । उनीहरूसँग सामान्यतया स्थानीय स्रोतहरू, नियमावलीहरू, र सम्पर्क व्यक्तिहरूको बारेमा जानकारीको खानी हुन्छ । यसका अतिरिक्त, *जन्मदेखि कलेज, जीवनवृति, तथा समुदायको तयारीमा पारिवारिक संलग्नतासम्बन्धी Pennsylvania को फ्रेमवर्कमा* थप जानकारी र स्रोतहरूको सूची समावेश गरिएको छ ।

कृपया के कुरा जान्नुहोस् भने तपाईं आफ्नो बच्चाको लागि सबैभन्दा राम्रो अधिवक्ता हुनुहुन्छ; यो तपाईं र तपाईंको परिवार नै हो जसले वर्षौंसम्म बच्चाको विकासका सबै क्षेत्रहरूका लागि बच्चाको हेरचाह गर्छ, मार्गदर्शन प्रदान गर्छ, र आवश्यकताहरू पूरा गर्छ । Pennsylvania का बालबालिकाहरूलाई सहयोग गर्न तपाईंले शिक्षकहरूसँग संलग्न हुन जे जति गर्नु भएको छ, त्यसका लागि तपाईंलाई धन्यवाद छ ।



## सन्दर्भहरू

(1) Pennsylvania शिक्षा विभाग, Pennsylvania बाल विकास तथा प्रारम्भिक शिक्षा कार्यालय, र Pennsylvania आधारभूत तथा माध्यामिक शिक्षा कार्यालय । (2019). जन्मदेखि कलेज, जीवनवृति, तथा समुदायको तयारीमा पारिवारिक संलग्नतासम्बन्धी Pennsylvania को फ्रेमवर्क अनलाइनमा यहाँ फेला पर्ने: www.education.pa.gov/Teachers%20-%20Administrators/Federal%20Programs/ParentFamily/Pages/default.aspx.

(2) Henderson, Anne T. (2002) । *New Wave of Evidence (प्रमाणको नयाँ लहर): The Impact of School, Family, and Community Connections on Student Achievement (विद्यार्थी उपलब्धिमा विद्यालय, परिवार र सामुदायिक सम्बन्धको प्रभाव)* Austin, TX: National Center for Family and Community Connections with School (विद्यालयसँगको पारिवारिक र सामुदायिक सम्बन्धका लागि राष्ट्रिय केन्द्र) अनलाइनमा यहाँ फेला पर्ने: www.sedl.org/connections/resources/evidence.

(3) Center for Cultural Competence (सांस्कृतिक क्षमता केन्द्र) । (2020) । *Curricula Enhancement Module Series (पाठ्यक्रम सुधार मोड्युल श्रृंखला)* / Washington, DC: Georgetown University । अनलाइनमा यहाँ फेला पर्ने: https://nccc.georgetown.edu/curricula/culturalcompetence.html.



यस कार्यमा सहयोग तथा योगदान गरेकोमा पेन्सलभेनिया Heather Tomlinson, Charo Basterro, and MAEC लाई धन्यवाद दिन चाहन्छ ।

थप जानकारीको लागि, ra-edengagefamilies@pa.gov मा सम्पर्क गर्नुहोस्

pennsylvania DEPARTMENT OF EDUCATION

MAEC education • equity • excellence

pennsylvania DEPARTMENT OF HUMAN SERVICES

यो प्रकाशन US Department of Health and Human Services, Administration for Children and Families को प्रिस्कूल विकास अनुदान नम्बर 90TP0038 बाट सम्भव भएको हो । यसमा भएका सामग्रीहरूका लागि लेखकहरू मात्र जिम्मेवार छन् र यसले विभाग वा प्रशासनको आधिकारिक विचारहरूको प्रतिनिधित्व गर्दैन ।